दुधपोखरी गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गौडा , लमजुङ
स्थापित :२०७३

गण्डकी प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सुचना ।**
**प्रथम पटक सुचना प्रकाशित मति २०८०/०४/१०**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ घ ६ , सोहि दफाको उपदफा २ घ ११ तथा प्रदेश सरकारबाट जारि भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन, क्रसिंग तथा क्रसर उधोग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ अनुसार यस गाउँपालिकाको आ व २०८०/८१ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त ) गर्ने प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । तोकिएको न्युनतम अंकमा नघट्ने गरि तपशिलमा उल्लेखित ठेक्का न अनुसार छुट्टाछुट्टै दरभाउपत्र फारम खरिद गरि रितपुर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ । मिति २०८०/०४/२४ गते कार्यालय समय भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिई तोकिएको दरभाउपत्र दस्तुर हिमालयन बैंक गौंडा शाखाको खाता न २५८५१८१७८३०१४७ मा तिरी यस कार्यालयमा पेश गरि दरभाउपत्र खरिद गर्न सक्नेछन । मिति २०८०/०४/२५ गते मध्यान्ह १२:०० बजे भित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारि प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको Website: www.dudhpokharimun.gov.np हेर्नुहुन वा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

ढुंगा, गिट्टी, वालुवा लगायत प्राकृतिक एबम खानिजन्य बस्तुको बिक्रि तथा निकाशी शुल्क :

| क्र स | ठेक्का न | उत्खनन गर्ने ठाउँ | उत्खनन वा संकलन गर्न सकिने परिमाण ( घन फिटमा ) | दरभाउपत्र दस्तुर | न्युनतम कबोल अंक आ व २०८०/८१ को लागि | धरौटी रकम रु |
|---|---|---|---|---|---|---|
| १ | 080-81/DPRM/SQ-01 | कुनाघाट | ११८३८ | रु १००० /- | १०६५४२ | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम |
| २ | 080-81/DPRM/SQ-02 | त्रिवेणीघाट | ७४२४ | रु १००० /- | ६६८१६ | |
| ३ | 080-81/DPRM/SQ-03 | लांगदि बगर | १३४०० | रु १००० /- | १२०६०० | |
| ४ | 080-81/DPRM/SQ-04 | पोखराटार | १०२८८ | रु १००० /- | ९२५९२ | |
| ५ | 080-81/DPRM/SQ-05 | धरलवेशी घाट | ९९३६ | रु १००० /- | ८९४२४ | |
| ६ | 080-81/DPRM/SQ-06 | कुयालेघाट | ७८२६ | रु १००० /- | ७०४३४ | |

परशुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत

**ढुँगा, गिट्टि, वालुवा लगायत प्राकृति एवं खानीजन्य वस्तुको विक्री तथा निकाशी शुल्क सम्बन्धि शर्तहरु :-**

१) दरभाउपत्र खरिद गर्न ईच्छुक व्यक्तिको हकमा (रु. १ लाख ५० हजार सम्मको न्युनतम अंक सम्म मात्रै ) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं., पछि फिर्ता नहुने गरि दरभाउपत्र दस्तुर सहित निवेदन पेश गरि यो सुचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्रौं) दिनको कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ । दरभाउपत्र पेश गर्न ईच्छुक फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई पछि फिर्ता नहुने गरि तोकिएको दस्तुर नगदै तिरी यो सुचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्रौं) दिनको कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र सूचना प्रकाशित मितिले १६ (सोह्रौं) दिनको मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम वाहिर उल्लेख गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको हिमालयन बैंक गौंडाको धरौटी खातामा खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका दरभाउपत्रहरु दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६) दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कवोल गरेको अंकको १०० प्रतिशत रकम नगदै वा यस कार्यालयको हिमालयन बैंकको विभाज्य कोष खाता न २५८५१८१७८३०१३१ मा जाममा गरि सम्झौता गर्न आउनु पर्ने छ । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ र जम्मा भएको धरौटी रकम जफत गरिनेछ ।

७) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्यौंट नगरेसम्म दरभाउपत्र प्रक्रियामा भाग लिन पाउने छैनन् ।

८) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९) ढुङ्गा, गिट्टी र वालुवाको परिमाण IEE मा तोके भन्दा बढी उत्खनन् तथा संकलन गर्न पाईने छैन, उक्त उत्खनन् तथा संकलन गर्ने अवधी २०८० भाद्र १५ गते देखि २०८१ जेष्ठ मसान्त सम्म रहनेछ साथै तत् सम्बन्धी कार्य गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रदेश सरकारबाट जारी भएको ढुङ्गा,गिट्टी,बालुवा उत्खनन,संकलन,क्रसिङ तथा कसर उधोग स्थापना र संचालनलाइ ब्यबस्थित गर्ने कार्यविधि २०७५ बमोजिम गर्नुपर्नेछ ।

१०) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ । साथै नेपाल सरकार र यस गाउंपालिका बाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ

११) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

१२) व्यक्तिगत सम्पत्तीलाई क्षति पुग्ने गरि र सार्वजनिक निर्माण संरचना-वाँध, कुलो, पैनी,पुल, आदिको ५०० मीटर दायाँबायाँ/तलमाथी र प्राकृतिक वातावरणीय दृष्टिले प्रतिकुल असर पुग्ने र नदिको स्वाभाविक प्रवाहमा प्रतिकूल असर पर्ने गरि ढुँगा गिट्टि र बालुवा आदी वस्तु निकाल्न पाईने छैन र ह्यावी इक्यूपमेन्ट अर्थात एक्जाभेटर जस्ता मेशिनरी साधन प्रयोग गरी माल वस्तु उत्खनन गर्न पाइने छैन यदी यसरी प्रयोग गरेको पाईएमा रु ५०,०००।- सम्म जरिवाना गर्न सकिनेछ । माल वस्तु विहान ६ बजे देखि बेलुका ७ वजेसम्म मात्र झिक्न पाईनेछ । हावा चलेको वेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी र ओभरलोड हुनेगरी ढुवानी गर्न पाईने छैन । साथै नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुरुप असार, श्रावण र भाद्र महिनामा नदि तथा खोलाबाट ढुँगा गिट्टि बालुवा उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

१३) दरभाउपत्रदाताले गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद कार्यविधिमा तोकिएको ढाँचामा आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण मासिक रुपमा यस कार्यालयमा वुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

१४) ढुङ्गा, गिट्टी र वालुवाको IEE मा तोकिएको उल्लेखित भन्दा बढी परिमाणमा उत्खनन् तथा संकलन गर्न पाईने छैन साथै तत् सम्बन्धी कार्य गर्दा नदीजन्य पदार्थ उत्खनन् ओसार पसार तथा बिक्री वितरण गर्ने कार्यविधी २०७४ बमोजिम गर्नुपर्नेछ ।

१५) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन ।

१६) उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. लगायतका जानकारी मुलक सूचना बोर्ड तयार गरी राख्नुपर्नेछ ।

१७) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१८) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुमा प्रयोग हुने सवारी साधनहरुमा गाउँपालिकाले तोके बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

१९) नदिजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरी सडक (नाका, वाटो) निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च गाउँपालिकामा दावी गर्न पाईने छैन । वन सिमा भित्रको कुनै पनि ठाँउमा ढुँगा गिट्टी र बालुवा आदी झिक्न उठाउन पाईने छैन ।

२०) स्थानिय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीय विकास शुल्क लगाउन सकिने छ ।

२१) नदीजन्य पदार्थ उत्खनन गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित स्थानीय निकायका प्रतिनिधी र स्थानीय बासिन्दा समेतको रोहवरमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाकंन गरिनेछ ।

२२) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निज दरभाउपत्र/वोलपत्रदाताको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

२०८०/४/१०

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकिय अधिकृत